# पूर्वप्राथमिक कक्षाका बालबालिकाको अक्षरलेखन अभ्यास


रिंकी कुमारी यादव

परीक्षा क्रमाङ्क : २८७१०४१०/०७३

त्रि.वि. दर्ता नं. : ९-२-१२२-१०५-२०१०


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षाअन्तर्गत

स्नातकोत्तर तह चौथो सेमेस्टरको शोधपत्र (नेपा.शि.५४४)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


शिक्षाशास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर

२०७५/२०१८



पूर्वप्राथमिक कक्षाका बालबालिकाको अक्षरलेखन अभ्यास

६४/०७४

रिंकी कुमारी यादव

## प्रतिबद्धतापत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ शोधप्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७५/०२/१३

....................

रिंकी कुमारी यादव

शोधार्थी

## सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रको छात्रा रिंकी कुमारी यादवले **पूर्वप्राथमिक कक्षाका बालबालिकाको अक्षरलेखन अभ्यास** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार गरेका हुन् । परिश्रमपूर्वक तयार गरिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

प्रा.डा. पारसमणि भण्डारी

(शोधनिर्देशक)

मिति : २०७५/०२/१५

29 May 2018

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह चौथो सत्र नेपा. शि. ५४४ पाठ्यक्रमका निम्ति यस सङ्काय तर्फका छात्रा रिंकी कुमारी यादवद्वारा **पूर्वप्राथमिक कक्षाका बालबालिकाको अक्षरलेखन अभ्यास** शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| क्र.सं. | नाम | दस्तखत |
| --- | --- | --- |
| १. | प्रा. डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ........................ |
| २. | प्रा.डा. शर्वराज आचार्य (शोधविशेषज्ञ) | ...................... |
| ३. | प्रा. डा. पारसमणि भण्डारी (शोधनिर्देशक) | ........................ |

मिति : २०७५/०३/०५

19 June, 2018

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र 'पूर्वप्राथमिक कक्षाका बालबालिकाको अक्षरलेखन अभ्यास' शीर्षकमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र, सङ्काय नेपाली शिक्षा विभाग स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ यो शोधपत्र तयार गरिएको हो ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आइपरेका विभिन्न समस्याहरू एवम् अड्चनहरूसँग जुध्ने प्रेरणा दिई आफ्नो व्यस्त समयको बाबजुद पनि मलाई यो शोधपत्रका लागि आवश्यक सरसल्लाह र कुशल निर्देशन दिनुहुने शोधनिर्देशक प्रा.डा. पारसमणि भण्डारीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तैगरी शोधकार्य सम्पन्न गर्ने सिलसिलामा आवश्यक सरसल्लाह दिनुहुने नेपाली भाषा शिक्षा विभागका प्रमुख आदरणीय गुरु प्रा.डा. रामप्रसाद भट्टराईलगायत नेपाली भाषा विभागका सम्पूर्ण गुरुवर्गप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसैगरी शोधपत्र तयार गर्ने क्रममा विभिन्न विद्वान्वर्ग, सहपाठी मित्रहरू तथा अग्रज महानुभावहरूबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सल्लाह सुझाब, सहयोग, हौसला तथा प्रेरणा प्रदान गर्ने सबैप्रति कृतज्ञताज्ञापन व्यक्त गर्दछु ।

त्यसैगरी शोधकार्य सम्पन्न गर्नका लागि विद्यार्थीहरूको अवलोकन गर्दा नमुना छनोटमा परेका विद्यालयमा सहज वातावरण निर्माण गरिदिनुहुने विद्यालयका प्र.अ., शिक्षकहरू तथा विद्यार्थी भाइ बहिनीहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

मेरो अध्ययनलाई यस तहसम्म पुऱ्याउनु हुने आदरणीय बुवा नागेन्द्र राय यादव आमा विमला देवी यादव, दिदी तथा भाइ बहिनीप्रति आजीवन ऋणी छु । शोधपत्रका क्रममा आवश्यक सामग्री उपलब्ध गराउने मेरा सम्पूर्ण सहपाठी साथीहरूप्रति सहृदय धन्यवाद दिन चाहन्छु । साथै नेपाली शिक्षाको विभागीय पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय तथा सम्पूर्ण आफन्तजनप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधको उचित मूल्याङ्कनका लागि त्रि. वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

रिंकी कुमारी यादव

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षाअन्तर्गत स्नातकोत्तर (एम.एड.) चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो ।

पूर्वप्राथमिक कक्षाका बालबालिकाको अक्षरलेखन अभ्यास कस्तो छ ? सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूको अक्षरलेखन क्षमता कस्तो छ ? अक्षरलेखन कार्यमा समस्याहरूमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

प्रस्तुत शोधकार्यको शीर्षक प्रत्यक्ष रूपमा विद्यार्थीहरूसँग सम्बन्धित भएकाले विद्यार्थीहरूलाई नै केन्द्रविन्दु बनाई नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाएको छ । यस अध्ययन अनुसन्धानलाई अगाडि बढाउन महोत्तरी जिल्लाका दुईवटा सामुदायिक विद्यालयबाट १०/१० जनाको सङ्ख्यामा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा चयन गरिएको छ । यसरी शोधकार्य मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधि र अंशतः पुस्तकालय अध्ययन विधिमा आधारित रहेर अनुसन्धान गरिएको छ । यस अध्ययनमा सामग्री सङ्कलन तथा विश्लेषणका लागि विभिन्न विधि र प्रक्रिया अबलम्बन गरिएको छ । विशेषतः कक्षा अवलोकनबाट यो शोध तयार गरिएको छ । छनोट गरिएका दुईवटा विद्यालयबाट १०/१० जनाका दरले जम्मा २० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ । नमुना छनोटमा परेका विद्यार्थीहरूबाट आधारभूत अक्षर लेखनको अभ्यास के कसरी  गर्छन् भन्ने विषयका आधारमा निष्कर्ष निकालिएको छ ।

दुईवटा विद्यालयका २० जना विद्यार्थीहरूको अक्षर लेखनसम्बन्धी अभ्यासात्मक कार्यकलापबाट प्राप्त तथ्यहरूको विश्लेषण गर्दा पहिलो चरणमा विद्यार्थीहरू सामान्य रेखा तान्ने, छड्के रेखा तान्ने, योजनाविहिन चिह्न प्रयोग गर्ने, गोलाकार, अर्धगोलाकार चिह्न प्रयोग गर्ने र त्यस्ता चिह्नहरूको अव्यवस्था र सरसफाईमा कमी देखियो भने दोस्रो चरणमा तिनै विद्यार्थीहरूमध्ये करिब ६० प्रतिशत विद्यार्थीले निर्धारित अक्षरलेखनमा प्रगति गरेको देखियो । समान किसिमको प्रगति नहुनु स्वाभाविकै हो । तथापि यस प्रकारका कक्षाहरूमा विद्यार्थीलाई केन्द्रित गरेर बढीभन्दा बढी प्रयोगात्मक कार्यकलापहरू गराउनुपर्ने र कक्षाकोठा बालमैत्री र सिकाइमैत्री हुनुपर्नेमा यो कुरामा पनि कमजोरी रहेको पाइयो ।

तेस्रो चरणमा तिनै विद्यार्थीहरूको अक्षर लेखनको अभ्यासलाई हेर्दा दोस्रो चरणमा उल्लेख भएको प्रतिशतभन्दा १० प्रतिशत कम विद्यार्थीले अपेक्षित रूपमा सफलता प्राप्त गरेको देखिन्छ । यसको तात्पर्य के भने विद्यार्थीहरूलाई अक्षर लेखनमा उत्प्रेरित गर्ने र अभ्यासमा आकर्षित गर्ने कार्यकलाप सन्तोषजनक नरहेको पाइयो । उपर्युक्त दुई विद्यालयका जम्मा २० जना विद्यार्थीको समग्र परिणाम हेर्दा जम्माजम्मी ३० देखि ४० प्रतिशत विद्यार्थीले सन्तोषजनक रूपमा अक्षरलेखनको अभ्यासतर्फ आकर्षिक भएका देखिन्छन् । यस्ता विद्यार्थीहरूमा धेरैजसो नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या रहेको छ । दोस्रो भाषी विद्यार्थीहरूको अवस्था तुलनात्मक दृष्टिले अझ कमजोर रहेको पाइन्छ । यीमध्ये एकाध विद्यार्थीहरूले एकाध अक्षरलाई राम्ररी अनुकरण गरी लेख्ने गरेको र कतिपय अक्षरहरूको अनुलेखन पनि सही रूपमा गरेको देखियो ।

तथ्यहरूबाट के प्रस्ट हुन्छ भने हाम्रो विद्यालय शिक्षणको विधि पुरानै किसिमको रहेको पाइन्छ र शिक्षकशिक्षिकाहरूले ससाना नानीहरूलाई विद्यालय प्रवेश गराउने वित्तिकै के कस्तो प्रकारले उनीहरूलाई पठन र लेखनमा सक्रिय तुल्याउनुपर्छ र आकर्षित गर्नुपर्छ भन्ने तर्फ पनि चासो र चिन्ता नरहेको पाइयो । विशेषत शिक्षकहरू नै बालबालिकाहरूका केन्द्रविन्दु हुने हुनाले उनीहरूबाट जेजस्ता कार्यकलाप सम्पन्न गरिन्छन् तिनीहरूलाई नै आधार बनाइन्छ । भनिन्छ अनुकरणबाट सिकिन्छ । अनुकरण गर्ने कुरा नमुना योग्य भयो भने अनुकृत विषय पनि उपयुक्त हुन आउँछ । कतिपय विद्यार्थीहरूका अभिभावकहरूले नानीहरूलाई घरमै अक्षर लेख्नका निम्ति उत्प्रेरित गरेको र केही अभ्यास गरी विद्यालय पठाउने गरेको पाइयो । धेरैजसो अभिभावकहरूले कोरा विद्यार्थीहरूलाई विद्यालयमा पठाउने र उनीहरूको लेखन पठनसम्बन्धी सम्पूर्ण जिम्मेवारी शिक्षक र विद्यालयकै हो भन्ने मनोवृत्ति देखिन्छ । यस्तो प्रवृत्तिले पनि अपेक्षित उपलब्धि हुन नसकेको निष्कर्ष निकाल्न सकिन्छ ।

# विषयसूची

पृष्ठ

## अध्याय एक

## शोधपरिचय


१.१ पृष्ठभूमि १

१.२ समस्याकथन १

१.३ शोधकार्यको उद्देश्य २

१.४ सान्दर्भिकता र उपादेयता ३

१.५ शोधकार्यको सीमाङ्कन ४

१.६ शोधपत्रको रूपरेखा ५

अध्याय दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा ६

२.१.१ पुस्तकको समीक्षा ६

२.१.२ शोधकार्यको समीक्षा ८

२.२ पूर्वकार्यको पुनरावलोकनको महत्त्व १३

२.३ अक्षरलेखनको सैद्धान्तिक अवधारणा १४

२.४ लेखनकला शिक्षणका कार्यकलापहरू १७

२.४.१ यान्त्रिक लेखन १७

२.४.२ निर्देशित लेखन १७

२.४.३ स्वतन्त्र तथा सिर्जनात्मक लेखन १७

२.५ अक्षरलेखनका प्रारम्भिक कार्यकलापहरू १८

२.५.१ हस्तलेखन १९

२.५.२ अनुलेखन १९

२.५.३ श्रुतिलेखन २०

२.६ परम्परागत नेपाली वर्णमालाको परिचय २०

२.७ सग्ला अक्षर चिनारी तथा लेखन शिक्षण २१

२.८ आधार अक्षर र त्यसबाट बन्न सक्ने अक्षरहरू २२

२.९ मात्रा सहितका अक्षरको चिनारी २३

२.१० संयुक्त अक्षरहरूको चिनारी २४

२.११ लेखनकला शिक्षणको आवश्यकता र महत्त्व २५

## अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया


३.१ अध्ययन विधि २७

३.२ तथ्याङ्क स्रोतहरू २८

३.२.१ प्राथमिक स्रोत २८

३.२.२ द्वितीय स्रोत २८

३.३ अनुसन्धान ढाँचा २८

३.४ जनसङ्ख्या र नमुना छनोट २८

३.५ सामग्री निर्माण २९

३.६ तथ्याङ्कको सङ्कलन र विश्लेषण ३०


## अध्याय चार

## व्याख्या र विश्लेषण


४.१ विषयप्रवेश ३१

४.२ पूर्वप्राथमिक कक्षा/कक्षा १ मा प्रस्तुत गरिएको सरकारी पाठ्यपुस्तकहरूको सन्दर्भ ३१

४.३ अक्षर लेखन क्षमता र प्रगति ३५


## अध्याय पाँच

## सारांश, निष्कर्ष र उपादेयता


५.१ सारांश ४५

५.२ निष्कर्ष ४६

५.३ उपयोगिता ४७

५.३.१ नीतिगत तह ४७

५.३.२ प्रयोगगत तह ४८

**सन्दर्भसूची** ४९

**परिशिष्ट** (क) **: तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालयको नाम**

**व्यक्तिवृत्त**

## सङ्क्षेपीकृत सूची

| सङ्क्षेपीकृत रूप | | पूर्ण रूप |
|---|---|---|
| नेपा.शि. | : | नेपाली शिक्षा |
| ने.वृ.श. | : | नेपाली बृहत् शब्दकोश |
| प्र. | : | प्रतिशत |
| प्र. अ. | : | प्रधानाध्यापक |
| प्रा. डा. | : | प्राध्यापक डाक्टर |
| प्रा. वि. | : | प्राथमिक तह |
| वि.सं. | : | विद्यार्थी सङ्ख्या |
| त्रि. वि. | : | त्रिभुवन विश्वविद्यालय |
| सं. | : | संस्थागत |
| सा. | : | सामुदायिक |
| क्र.सं. | : | क्रम सङ्ख्या |